## अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०८।०२ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको ।**

मालपोत कार्यालय, पर्साको आ.व. २०७०/०७१ को रजिष्ट्रेशन फाँट "ख" मा लिखित पास गर्दा लाभकर नलिएको, एउटै नम्वर राखी विभिन्न रजिष्ट्रेशन पास गरेको, लिखित रजिष्ट्रेशनमा भएको थैली रकम घटाई कम मूल्यको थैली कायम गरी राजश्व रकम हिनामिना गरेको समेत ब्यहोराको उजुरी उपर अनुसन्धान हुँदा मालपोत कार्यालय, पर्साको रजिष्ट्रेशन फाँट "ख" का तत्कालीन फाँटवाला मदन प्रसाद गुप्ताले उठाएको राजश्व प्रचलित कानून बमोजिम समयमै दाखिला नगरी हिनामिना गर्ने तथा महत्वपूर्ण सरकारी अभिलेख कागजात र प्रमाणहरू नष्ट गरेको सप्रमाण पुष्टि हुन आई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) बमोजिमको कार्य गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) र सोही ऐनको दफा १२ बमोजिमको कसुर गरेको देखिएकोले निज प्रतिवादी मदन प्रसाद गुप्तालाई हिनामिना भएको राजश्व रकम रू. ७७,८६,८१६/- (अक्षेरुपी सतहत्तर लाख छयासी हजार आठसय सोह्र) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा सोही ऐनको दफा १२ बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**